USAID को आर्थिक सहयोग, मर्सिकोर नेपालको नेतृत्व र कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किर्डाक -नेपाल) द्वारा सञ्चालित **भकारी कार्यक्रमको समापन कार्यक्रम**मा तातोपानी गाँउपालिकासँग गरिएका प्रतिबद्धताहरु:

- बिपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, स्थानीय राहत मापदण्ड निर्माण, बिपद् व्यवस्थापन ऐनहरु निर्माण एबं नियमित परिर्माजन गरी व्यवस्थित गरिनेछ ।
- स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई अझै व्यवस्थित गर्दै लगिने छ। साथै पालिकाभित्र घटेका घटनाहरु नियमित (साप्ताहिक, मासिक) रुपमा जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) मा सूचना प्रवाह गरिनेछ ।
- बिपद् पूर्ब तयारी तथा प्रतिकार्य योजना पालिकाको अगुवाईमा नियमित रुपमा अध्यावधिक गर्दै लगिनेछ, साथै विसयगत समितिहरु लाई नियमित रुपमा क्रियाशिल गर्दै लगिनेछ ।
- बिपद् प्रतिकार्यका लागि प्रत्येक वडामा विपद् व्यवस्थापन कोषवाट कम्तीमा १० देखि २० घरधुरीहरुलाई राहत हुने गरी गैह्र खाद्य सामाग्रीहरु भण्डारणको व्यवस्था गरिनेछ ।
- संकटासन्न घरधुरीहरुको पहिचान गरी उचित व्यवस्थापन गरिनेछ ।
- जोखिम् न्यूनीकरणका लागि पालिका भित्र भएका खानेपानी, सिचाई, लगायत अन्य भौतिक संरचना र फलफूल खेती, योजना बिमा र पशु विमा गर्ने कार्यमा जोड दिदै लगिनेछ ।
- स्थानीय तहमा क्षमता अभिबद्धि गर्नका लागि खोज तथा उद्धार, प्राथमिक उपचार, पूर्ब सूचना, बिपद् लेखाजोखा, लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि तालिमहरु तथा कार्यक्रमहरुमा जोड दिईनेछ ।
- पालिकामा गठित समूहहरु (कृषक समूह, जल उपभोक्ता समिति, विपद् व्यवस्थापन समिति) को दिगोपनाका लागि पालिकामा आबद्धता गराई व्यवस्थित गदै लगिनेछ साथै आबद्धता भएका समुहहरुलाई पालिकाको कार्यक्रममा प्राथमिकता दिईनेछ ।
- गैससहरुको कामलाई अझै व्यवस्थित र पारदर्शि बनाउन गैसस डेस्कलाई व्यवस्थित गरिनेछ ।
- पालिकासँग सम्वन्धित नीति, नियम, कार्यविधि, निर्देशिकाहरु पालिकाको Website मा अध्यावधिक गरी अझै व्यवस्थित गरिनेछ ।

मिति: १८ जुन २०२३

हस्ताक्षर:

तीर्थ बहादुर कठायत
प्रमुख प्रशासकीय अधिकृत